**नेपाल सरकार**
**अर्थ मन्त्रालय**
**प्रेश बिज्ञप्ती**

**२०७१ चैत्र ११ गते**

आज मिति २०७१/१२/१० गते अर्थ मन्त्रालयका सचिव ( राजस्व) नवराज भण्डारीको उपस्थितिमा आर्थिक वर्ष २०७१/७२ फाल्गुन मसान्तसम्मको राजस्व असुलिको प्रगति समीक्षा बैठक सम्पन्न भयो ।

आर्थिक वर्ष २०७१/७२ फाल्गुन मसान्तसम्म रु ४२२ अर्ब ९० करोड राजस्व संकलनको लक्ष्य निर्धारण गरिएकोमा फाल्गुन महिनासम्ममा कुल लक्ष्य रु २ खर्ब ४५ अर्ब ४९ करोड ३१ लाख भएकोमा रु. २ खर्ब ४१ अर्ब २६ करोड ४३ लाख राजस्व संकलन भई गत वर्षको सोही अवधिको तुलनामा १३.४९ प्रतिशत वृद्धिदर रहेको छ । कुल राजस्व संकलन मध्ये कर राजस्व बापत रु. २ खर्ब २२ अर्ब १ लाख र गैरकर राजस्व तर्फ रु. १९ अर्ब २६ करोड २५ लाख संकलन भएको छ, जुन कुल राजस्व संकलनको क्रमशः ९२.०२% र ७.९८% रहेको छ ।

आर्थिक वर्ष २०७०/७१ फाल्गुन महिनामा रु. २३ अर्ब ६८ करोड ३९ लाख राजस्व संकलन भएकोमा आर्थिक वर्ष २०७१/७२ को सोहि महिनामा रु. २५ अर्ब ७२ करोड ७० लाख संकलन भएको छ।

आर्थिक वर्ष २०७१/७२ फाल्गुन महिनासम्मको मुख्य शीर्षकहरुको कुल राजस्व अवस्थालाई विश्लेषण गर्दा मूल्य अभिबृद्धि करको योगदान ३०.३६%, भन्सार महसूलको योगदान २०.३६%, आयकरको योगदान १९.८४% रहेको छ भने अन्तःशुल्कको अंश १३.८६% र गैरकर राजस्वको अंश ७.९८% रहेको छ।




गत वर्ष फाल्गुन महिनासम्ममा भन्सार महसुल रु. ४२ अर्ब ९१ करोड १६ लाख संकलन भएकोमा यस वर्ष सोही अवधिसम्ममा रु. ४९ अर्ब १३ करोड २१ लाख संकलन भई १४.५०% बृद्धिदर कायम भएको

छ ।गत आर्थिक वर्षको फाल्गुन महिना सम्ममा मूल्य अभिबृद्धि कर रु. ६३ अर्व ४३ करोड २७ लाख संकलन भएकोमा यस वर्षको सोही महिना सम्ममा रु. ७३ अर्व २३ करोड ७३ लाख संकलन भई बृद्धिदर १५.४६% भएको छ । अन्तःशुल्कतर्फ गत आ.व.को फाल्गुन महिना सम्ममा रु. २८ अर्व १३ करोड ७४ लाख संकलन भएकोमा यस वर्षको सोही महिनासम्ममा रु. ३३ अर्व ४४ करोड ७८ लाख संकलन भई बृद्धिदर १८.८७%रहेको छ । आयकर तर्फ गत आ.व.को फाल्गुन महिनासम्ममा रु. ४१ अर्व ३७ करोड ७० लाख संकलन भएकोमा यस वर्षको फाल्गुन महिनासम्ममा रु. ४७ अर्व ८६ करोड ८५ लाख संकलन भई बृद्धिदर १५.६९% रहेको छ। रजिष्ट्रेशन दस्तुर, सवारी साधनकर र अन्य करको गत वर्षको फाल्गुन महिनासम्ममा रु. १० अर्व ३७ करोड २१ लाख असूली भएकोमा यस वर्षको फाल्गुन सम्म रु. १८ अर्व ३१ करोड ५९ लाख संकलन भई बृद्धिदर ७६.५९% रहयो । गैरकर राजस्वतर्फ गत आ.ब.को फाल्गुन महिनासम्ममा रु. २६ अर्व ३६ करोड ०६ लाख संकलन भएकोमा यस वर्ष फाल्गुन महिनासम्ममा रु. १९ अर्व २६ करोड २५ लाख संकलन भएको छ ।

**सो समीक्षा बैठकमा** विभागीय प्रमुख र उपत्यका स्थित कार्यालयका प्रमुखहरुलाई निर्देशन दिंदै अर्थ मन्त्रालयका सचिव ( राजस्व) नवराज भण्डारीले कर प्रशासनलाई सूचना प्रणालीमा आधारित बनाउँदै पर्याप्त सूचना संकलन तथा विश्लेषणका आधारमा कर सम्बन्धि जोखिम व्यवस्थापन गर्नुपर्ने र मूल्य अभिवृद्धि कर तर्फ लामो समयसम्म उच्च क्रेडिटमा रहने करदाताहरुमा अनुसन्धान केन्द्रीत राख्नु पर्ने बताउनु भयो । उहाँले कर परीक्षण तथा अनुसन्धानलाई बिषय केन्द्रित र राजस्व जोखिमका क्षेत्रमा केन्द्रित बनाउँदै कर सहभागिताको व्यवहारमा परिवर्तन ल्याउने गरि काम कारवाही अगाडि बढाउन समेत निर्देशन दिनुभयो । कर सम्बन्धि कार्यात्मक लक्ष्य बमोजिम प्रगति हासिल गर्दा त्यसको स्वतः प्रभाव कर संकलनमा पर्ने हुनाले संगठनलाई कार्यमूलक बनाउन र कर प्रणालीमा विगत देखि गरिएका सुधारका कामहरुलाई सबलीकरण गर्दै अगाडि बढाउन विभागिय प्रमुखहरुलाई सचिव भण्डारीले निर्देशन दिनुभयो ।

सो बैठकमा विभागिय प्रमुखहरुले आ आफ्नो विभागको फाल्गुन मसान्तसम्मको राजस्व र कार्यात्मक लक्ष्यहरुको प्रगति विवरण र आगामी कार्ययोजना प्रस्तुत गर्नुभएको थियो।